# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


**विषयः-जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने सम्बन्धमा ।**

**प्रस्ताव पेश गर्न नगर प्रमुखबाट स्वीकृति प्राप्त मिति** :-२०७६।०९।२२

१. **विषयको संक्षिप्त व्यहोरा** :- ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि ८ को क्रम सङ्ख्या १५ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनिय भएको छ ।

२. **प्राप्त परामर्श र अन्य सान्दर्भिक कुरा** :- नेपालको संविधानको धारा २२१ बमोजिम अनुसूची ८ मा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्बन्धी अधिकार स्थानीय तहको एकल अधिकार सूचीभित्र पर्दछन् । नेपालको संविधानको धारा २२६ को उपधारा (१) अनुसार गाउँसभा र नगरसभाले अनुसूची ८ र अनुसूची ९ बमोजिमको सूचीमा उल्लेखित विषयमा कानून बनाउन सक्नेछ भने ऐ धाराको उपधारा (२) अनुसार उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को त. मा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन सम्बन्धी स्थानीय तहको एकल काम, कर्तव्य र अधिकार उल्लेख छ । ऐ दफाको ऐ उपदफाको त. को (२) मा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण सम्बन्धी विषय उल्लेख छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी नमूना कार्यविधि समेत जारी गरेको अवस्था छ । ऐ ऐनको दफा १०२ को उपदफा (१) अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्नेछ । ऐ दफाको उपदफा (२) अनुसार उपदफा (१) बमोजिम बनाईएको ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि,



प्रमुख प्रशासकीय अधिकृत

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मापदण्ड बनाउन सक्नेछ । ऐ ऐनको दफा ११ को उपदफा (७) अनुसार गाउँपालिका तथा नगरपालिकाले ऐ दफाको उपदफा (१), (३), (४) र (५) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछन् ।

३. **प्रस्ताव पेश गर्नु पर्नाका कारण र सम्बन्धित शाखाको राय :-** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिबृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुबिधाको उचित व्यवस्थापन गर्न कानूनी व्यवस्था गरी यथाशिघ्र परिचयपत्र वितरण गर्न आवश्यक देखिन्छ ।

४. **निर्णय हुनुपर्ने व्यहोरा :-** ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७६ कार्यपालिकाबाट स्वीकृत गर्न वाञ्छनिय भएकोले ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्यविधि, २०७६ नगर कार्यपालिकाबाट स्वीकृत गर्ने सम्बन्धि प्रस्ताव स्वीकृत गर्न आठविसकोट नगर कार्यपालिका समक्ष प्रस्ताव पेश गर्न नगर प्रमुख ज्यूबाट स्वीकृति प्राप्त भएकोले आठविसकोट नगरपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ७ को अनुसूची १ को विषय सङ्ख्या ५ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

2076/08/26